सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १० मिति : २०७५/१२/२१

## भाग–२
## सियारी गाउँ कार्यपालिका

## सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धि कार्यविधि, २०७५

**प्रस्तावना :** स्थानीय तहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडि परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, तथा अधिकारका बारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक, सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम् मागलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवम् जवादेही बनाउँन सरकारी, निजी तथा समुदायमा आधारित संघ सस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिबी न्युनीकरण र दिगो विकासको अवधारणालाई संगठन, बचत, सीपको माध्यमबाट संस्थागत गर्दै सम्बृध समाज निर्माण गर्ने कार्यमा सहयोग पऱ्याउन सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गर्दै गाँउकार्यपालिकाले यो कार्यविधी स्वीकृत गरी जारी गरिएको छ ।

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधीको नाम : सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धी कार्यविधी २०७५ रहनेछ ।

ख. यो कार्यविधी सियारी गाँउ कार्य पालिका रुपन्देहीले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कार्यविधी भन्नाले “सामुदायिक विकाषको सामाजिक परिचालन सम्बन्धि कार्यविधी २०७५” लाई सम्झनु पर्छ ।

क. सामुदायिक विकास कोष भन्नाले वडाका बस्ती स्तरमा महिला तथा पुरुष समुहहरु छुट्टै वा मिश्रित रुपमा संगठीत भएको समुहलाई सम्झनु पर्दछ ।

ख. “सामुदायिक संस्था” भन्नाले सामाजिक परिचालनका लागि सियारी गाउँपालिकाद्धारा सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

ग. "समिति" भन्नाले गाउँपालिका स्तरीय र वडा स्तरीय समितिलाई सम्झनु पर्दछ ।

घ. "अध्यक्ष" भन्नाले अध्यक्ष/मैनेजर वडामा गठित सा.संका अध्यक्ष /मैनेजरलाई सम्झनु पर्दछ ।

ङ. "सदस्य" भन्नाले सामुदायिक संस्थाका सदस्यलाई सम्झनु पर्दछ ।

च. "स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ. "जि.स.स" भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

ज. कोष पदाधिकारी भन्नाले सामुदायिक विकास कोषका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

झ. सामुदायिक कोष भन्नाले गाउँपालिकाका वडाहरुमा गठित साविक जिल्ला विकास समिति स्थानीय विकास कोषद्धारा हस्तान्तरीत संस्थालाई सम्झनु पर्दछ ।

ञ. अ/मे भेला भन्नाले वडा स्तरमा गठित सा.सका अध्यक्ष/मैनेजरले संचालन गर्ने भेलालाई सम्झनु पदर्छ ।

ट. सामाजिक परिचालन भन्नाले आम नागरिकलाई सा.संमा संगठीत गरी बचत, शीपका माध्यमबाट आर्थिक, सामाजिक, साँस्कृतिक, सशक्तिकरण गरी उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकरात्मक परिवर्तन ल्याउने प्रकृियालाई जनाउँछ ।

## ३. कार्यविधिको उद्धेश्य

क. सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने ।

ख. स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउनु ।

ग. साविक जि.वि.स स्थानीय विकास कोषबाट संचालनमा रहेको सामुदायिक विकास कोषलाई गाउँपालिकामा आन्तरीकरण गर्ने ।

घ. सामुदायिक विकास कोष संचालन नभएका वडाहरुमा क्रमश संचालन गर्दै जाने ।

ङ. सामाजिक परिचालनको क्षेत्रमा साझा अवधारण बनाउँने ।

च. स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको रुपमा परिचालन गर्न सक्षम नेत्तृत्वको विकास गर्ने ।

छ. सा.संका संकलित बचत सा.सं बिच कार्यगत समन्वय, वित्तिय अनुशासन र सामुदायिक विकास कोषको दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने ।

ज. संगठन, बचत, शीपको अधिकतम प्रयोग गरी नागरिकहरु विशेष गरेर विपन्न वर्गको विकासका लागी विधमान आर्थिक , सामाजिक,साँस्कृतिक तथा अन्य संरचना अवरोध हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउँने ।

झ. आपसी सदभाव,मेलमिलापको सहयोगबाट सामाजिक पुँजी निमार्ण गरी आपना समस्याहरु समाधान गरी सामाजिक सहिण्णुता बढाउँने ।

## ४. सामुदायिक विकास कोष सामाजिक परिचालन प्रकृया सम्बन्धि व्यवस्था

क. सामुदायिक विकास कोषलाई वडाका हरेक बस्तीहरुमा क्रमश बिस्तार गरिनुका साथै सामुदायिक विकास कोषलाई सरकारी, गैरसरकारी तथा निजि क्षेत्रसँग समन्वय र आवद्ध गराउँदै लगिनेछ ।

ख. सामुदायिक संस्थाका सदस्यहरुमा संगठन ,बचत र शीप सहित सामाजिक रुपान्तरण प्रकियालाई अगाडी बढाउँदै लगिनेछ ।

ग. सामुदायिक संस्थाका सदस्यहरुको आर्थिक तथा सामाजिक विकास सहितको जिविकोपार्जनका लागी घुम्तीकोष संचालन गरिनेछ ।

घ. सामुदायिक संस्थाहरुले परिपक्कता हासिल गरे पश्चात यि संस्थाहरुलाई सहकार्यमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।

ङ. अन्य निकाय वा संस्थाहरुबाट गठन गरिएका सामजिक परिचालनसँग सम्बन्धित समुह वा अन्य संस्थाहरुलाई सामाजिक परिचालन सम्बन्धित कार्यक्रमको मुलभुत मान्यतामा असर नपर्ने गरि सामुदायिक विकास कोषको मान्यता दिई कार्यक्रम संचालन गरिनेछ ।

## ५. संस्थागत व्यवस्था

### सामाजिक परिचालन समिति

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउँनका लागी गाउँपालिका अध्यक्ष वा निजले तोकेको गाउँपालिकाको अध्यक्ष, अध्यक्षतामा देहाय अनुसारको सामाजिक परिचालन समिति गठन गरिनेछ । समितिले परिचालन कार्यमा संलग्न रहेका संस्थाहलाई सामाजिक परिचालनको विधि र प्रकृयामा प्रष्टता ल्याउँन उनीहरुको क्षमता विकास गर्न यी निकायहरु बिच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गराउँन स्थानीय तहलाई आवश्यक सुझाव सहित नीतीगत समन्वय गर्नेछ ।

## ६. सामाजिक परिचालन समितिको गठन–

(१) सामाजिक परिचालन समितिको गठन देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकाका अध्यक्ष –अध्यक्ष

ख. गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत –सदस्य

ग. सामुदायिक विकास कोष मध्येबाट कम्तीमा एक महिला सहित दुई जना जनप्रतिनिधि -सदस्य

घ. स्थानीय सामुदायिक संस्थाबाट –२ जना

ङ. महिला विकास सहकारी बाट प्रतिनिधि –१ जना

च. गाउँपालिका लैगिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट प्रतिनिधि –१ जना

छ. सामाजिक परिचालक वा अध्यक्षले तोकेको व्यक्ति सदस्य सचिव –१ जना

(२) गाउँपालिका स्तरमा सामाजिक परिचालनको काम गर्न अन्य निकाय वा संस्थाहरुको यस कार्यक्रमसँग निकटम सहकार्य र कार्यगत तालमेल गर्नु, ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघसंस्थाहरुका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

(३) सामाजिक परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) सामाजिक परिचालन समितिको समन्वय गाउँ क्षेत्रमा गाउँपालिका वा अन्य निकायद्धारा संचालित सामजिक परिचालन सम्बन्धि कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने, सुझाव दिने तथा सामाजिक परिचालन स्थानिय स्तरका निती नियमहरुको तर्जमा गरी कार्यन्वयन गर्ने गराउने ।

(२) गाँउपालिका र अन्य संघ संस्थाहरु द्वारा संचालित सामाजिक परिचालन कार्य विच समन्वय गर्ने र सोको चौमासिक वार्षिक प्रतिवेदन गाँउपालिकामा पठाउने ।

(३) सामाजिक परिचालन कार्यन्वयन कार्यतालिका तयार गर्ने र सो अनुसार काम भए नभएको एकीन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धीत पक्षलाई कार्यक्रम संचालन नगर्न सुझाव दिने/सचेत गराउने

(४) जिवीको पार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्टपोषण गर्ने ।

(५) सामुदायिक विकास कोषको नियमित अनुगमन तथा मूल्याँकन नियमित गर्ने ।

(६) सामुदायिक विकासकोषबाट प्राथमिकीकरण भई पेश हुन आएका कार्यक्रमहरु लाई प्रक्रियागत रुपमा योजना तर्जमा समिति हुदै गाँउ सभामा पेश गर्न सहयोग गर्ने ।

(७) गाउँपालिका स्तरमा सामाजिक परिचालन सम्बन्धि अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने ।

(८) सामाजिक परिचालन एवं सामुदायिक विकास कोष मार्फत भए गरेका कामको अनुगमन र मूल्याङ्कन कार्यपालिकाको निर्देशनमा सामाजिक परिचालन समितिले गर्ने छ र त्यसको प्रतिवेदन अर्धबार्षिक रुपमा बुझाउनु पर्ने छ ।

**७. सामुदायिक विकास कोष संचालन समिति**

- सामुदायिक विकास कोष संचालन समिति वडा स्तरीय सामुदायिक विकास कोषलाई नियमित संचालन गर्ने ।
- सामुदायिक संस्थाको सदस्यहरुमध्येबाट आम सहमतिमा निम्न अनुसार ५ सदस्य रहेको सामुदायिक विकास कोष समिति संचालन गठन गरिने छ । अनिवार्य

| | |
|---|---|
| क. अध्यक्ष सामुदायिक संस्थाका अध्यक्ष | -१ जना |
| ख. उपाध्याक्ष सामसदायिक संस्थाका | -१ जना महिला |
| ग. सदस्य सामुदायिक संस्था मध्येबाट | -१ जना महिला अनिवार्य |
| घ. पदेन सदस्य निर्वाचित प्रतिनिधि | -१ जना |
| ङ. सदस्य सचिव सामाजिक परिचालक | -१ जना |

यसरी गठन गरिएका सामुदायिक विकास कोष ३ वर्षको अवधि हुनेछ ।

**८. सामुदायिक विकास कोषको काम, कर्तव्य र अधिकार–**

**सामुदायिक विकास कोषका कार्यहरु :**

क. सामुदायिक संस्थाहरुलाई बचत, सीपका माध्यमबाट शसक्तीकरण प्रदान गर्ने विभिन्न प्रकृतिका सेवाहरु बारे जानकारी लिने र संरक्षण गर्ने ।

ख. वातावरण, विपद जोखीम व्यवस्थापन तथा जलवायु परिवर्तनको जोखीम पहिचान गर्ने

र पुर्व सर्तकता अपनाउँने ।

ग. स्थानीय आवश्यकता अनुसारको कृर्षि, पशुपालन तथा अन्य आय आर्जन सम्बधि सीप तथा क्षमता विकास योजना तयार गर्ने ।

घ. नागरिकता प्रमाण पत्र, जन्म, मृत्यु विवाह आदी जस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने ।

ङ. जातीगत भेदभाव, बालविवाह, धामी झाक्री, जुवा तास, निरक्षरता दाइजो प्रथा छुवाछुत तथा महिला विरुद्धको हिंसा, बालश्रम, बालहिंसा जस्ता विसंगतीहरु बारे छलफल चलाउने र समाजबाट हटाउँने ।

च. आफ्नो बस्ती तथा समुदायलाई खुल्ला दिशामुक्त बनाउँने र घरेलु सरसफाई गर्ने ।

छ. प्राकृतिक प्रकोप भुकम्प, बाढी,पहिरो आँदीवेहरी, आगलागी, सितलहरी, बारे सर्तकता अपनाउँने र त्यसबाट बच्ने उपायहरु बारे छलफल गर्ने ।

ज. बाल अधिकार, महिला अधिकार संरक्षरण गराउँने

झ. जातीगत एवं सामाजिक सदभाव बढाउँने ।

ञ. बालबालिकालाई बालविकास केन्द्र, विधालय भर्ना, निरन्तर हाजिरी, बालक्लबमा सहभागी गराउँने ।

ट. ५ वर्षमुनिका सबै बालबालिकाहरुलाई समयमै खोप लगाउँने । र गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउँने चेतना अभिवृद्धि गर्ने ।

ठ. सीप विकास, आय आर्जन तथा जीविकोपार्जन सहयोग यो कार्यक्रम संचालनका लागी विभिन्न सरकारी, गैरसरकारी तथा निजि संस्थाहरुसँग समन्वय गर्ने । पैरवी गर्ने र स्रोत जटाउँने ।

ड. सामुदायिक संस्थाहरुलाई परिपक्क गराई सरकारी तथा संथागत विकास एवं रोजगारी प्रयत्नशील रहने ।

ढ. यसरी गठन गरिएका सामुदायिक संस्थाहरुको आर्थिक विकास एवं रोगारी सहितको जीवीको पार्जनका लागी घुम्तीकोष उपलब्ध गराईने ।

ण. घुम्तीकोष विउँपुजीबाट देहाए अनुसारको कार्यक्रम अर्न्तगत निम्न क्रियाकलापहरु संचालन तथा कार्यान्वयन गर्न प्रोत्साहित गरिन्छ ।

त. व्यावसायिक वा सामुहिक खेती, पशुपालन गर्न प्रोत्साहित गराउँने ।

थ. कबुलियत, बन व्यवस्थापन, गैरकाष्ठ बन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आर्जन तथा लघु उधम विकास ।

द. रोजगारीमुलक र उत्पादकत्व बढाउँने विभिन्न किसिमका सीपमुलक कार्यक्रम ।

ध. आय र उत्पादन वृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग ।

न. वैकल्पिक उर्जा, सोलार बायोग्यास विकेट, सुधारिएको उन्नत चुल्हो ।

प. आयमुलक कार्यक्रम वा उधम विकास ।

फ. साना सिचाई, आरन, शिल्पकला, लुगा कटाई सिलाई ।

ब. सहकारी पसल, खुद्रा पसल, बुटिक, कुसन, बाँसको मुढा बुनाई, टीका, चुरी, फुलखेती

तालिमहरु आदी ।

भ. तरकारी खेती, नगदेबाली, पशुपालन ।

म. साना व्यवसाय तथा व्यापार आयमुलक कार्यक्रम लघु उधम विकास सम्बन्धि आयोजना छनौट गर्दा बजारको मुल्य बारे सामान्य विश्लेषण गर्नु पर्छ ।

**९. कोष स्थापना र संचालन सम्बन्धि व्यवस्था**

**सामाजिक परिचालन कोष स्थापना र संचालन**

क. गाउँपालिका स्तरमा एउटा सामाजिक परिचालन कोष स्थापना गरिनेछ ।

ख. सामाजिक कोषमा देहाए अनुसारको कम रहनेछ ।

ग. प्रत्येक वर्ष गाउँपालिका ले गाउँ सभाबाट कार्यक्रम संचालन गर्नको निम्ति विनियोजित रकम छुटाउँने छ ।

घ. साविकका सामुदायिक विकास कोषमा रहेको लगानी एवं बैकमा रहेको बचत रकम ।

ङ. सरकारी तथा गैरसरकारी संघसंस्था वं अन्य निकाय बाट सामाजिक परिचालन सम्बन्धि कार्यक्रम संचालनको लागी प्राप्त रकम ।

च. कोषको संचालन एवं लेखापरिक्षण गाउँपालिकाको अन्य कोष खाता संचालनका लागी बनेको स्थानीय सरकार आर्थिक प्रशासन ऐन तथा नियमावली व्यवस्था गरे अनुसार नै हुनेछ ।

छ. सामाजिक परिचालकहरुको न्युनतम योग्यता, करार सेवा अवधि, पारिश्रमिक सेवा सुविधा, तलब भत्ता र अन्य सेवा, सुविधा कोष परिचालनको आधारमा दिन सकिनेछ । तथा साविककै अनुसार तोक्नेछ ।

**१०. कर्मचारी कल्याण कोषको व्यवस्था हुनेछ ।**

**सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी**

**क.** सामुदायिक विकास कोष गठन, संचालन र सहजीकरण गर्ने ।

ख. सामुदायिक संस्थाहरु परिचालन र तिनीहरुको क्षमता विकासको कामहरु गर्ने र नागरीक अनुगमन, सामजिक उत्तरदायित्व सम्बन्धित कार्यहरुमा सामुदायिक विकास कोषलाई सहयोग गर्ने ।

ग. अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग निकटम समन्वय र सम्बन्ध विस्तार गर्ने ।

घ. सामुदायिक संस्थाहरुको बार्षिक लेखा परिक्षण गराउँन सहयोग गर्ने ।

सेवा सुविधा दिन सकिने सामुदायिक विकास कोष अन्तर्गत सामाजिक परिचालकहरुलाई नियम (साविक) अनुसार कार्यपालिकाले तोके बमोजिम तलब भत्ता एवं अन्य सेवा सुविधा दिन सकिने छ । र कर्मचारीहरुलाई निरन्तरता दिईनेछ ।

**११. कोषको सचिवालय– गाउँपालिका स्तरीय, गाउँपालिकाको भवनमा रहनेछ ।**

क. कोषको सचिवालय गाउँपालिका अर्न्तगत वडा समितिले उपलब्ध गराएको भवनमा

रहनेछ र कोषबाट काम कारवाही कोषको छुट्टै छाप हुनेछ ।

ख. सामुदायिक विकास कोषबाट सञ्चालित ऋृण पुंजी सामुदायिक संस्थाको माग अनुसार लगानी गर्नेछ ।

ग. सामुदायिक कोषमा तपसिल अनुसार खाताहरु रहनेछ ।

१. सञ्चालन खाता

२. ऋृण पुँजी खाता

३. कार्यक्रम खाता

घ. सामुदायिक संस्थाले सामुदायिक विकास कोषको नियम अनुसार लेखा व्यवस्थापन गर्नैछ ।

ङ. सामाजिक विकाससँग सम्बन्धित क्षेत्रमा गाउँपालिका तथा वडा कायामा सहयोग गर्ने ।

च. गाउँपालिकाको वस्तुस्थिति विवरण तयार पार्ने

छ. स्थानीय आवश्यक्ता प्राथमिक्ता पहिचान तथा योजना तर्जमाका लागी सरोकारवालाहरुलाई आवश्यक सुचना तथा विवरण उपलब्ध गराउँने ।

ज. लैंङ्गिक उत्तरदायि योजना तर्जुमा, कार्यान्वयन  र अनुगमन गर्ने

झ. विपन्न समुहका घरधुरी नकसाङकन तथा अध्यावधिक गर्ने ।

ञ. नागरिक अनुगमनका लागी सामुदायिक विकास कोषको क्षमता अभिवृद्धि गर्ने ।

ट. गाउँपालिका कार्यालयको सामाजिक परिचालन सम्बन्धि अन्य कार्यहरु गर्ने ।

ठ. संस्थाको बचत लगानीको हिसाब किताब राख्ने ।

ड. घुम्तीकोष लगानी र असुली गर्ने ।

ढ. सामुदायिक कोषमा लेखा राख्ने ।

ण. वडामा लगानीमा रहेको रकमको व्याज गाउँपालिकाको खातामा जानेछ ।
सािवकका सामाजिक परिचालन कार्यक्रमको व्यवस्थापन

## १२. सामुदायिक विकास कोष सम्बन्धि व्यवस्थापन

क. साविकका गा.वि.सहरुमा गठन गरिएका सामुदायिक विकास कोष स्वतह : गाउँपालिकामा हस्तान्तरित भएको मानिनेछ ।

ख. सामुदायिक विकास कोष मार्फत गठित सामुदायिक संस्थालाई समाजिक परिचालन समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक्ता अनुसार खारेज, सहकारीकरण गर्न सक्नेछ ।

## १३. कोषको लेखा परिक्षण

१. सामुदायिक विकास कोषले बार्षिक रुपमा गाउँपालिकाले ताकेको लेखा परिक्षक बाट लेखा परिक्षण गराउँनेछ ।

२. लेखा परिक्षण प्रतिवेदन अध्यक्ष/मैनेजर भेलाबाट सार्वजनिक गर्नैछ र गाउँपालिका मा रिपोटिङ गर्नेछ ।

३. सामुदायिक विकास कोषमा कार्यरत जनशक्ती कोषको सम्पूर्ण नगद, जिन्सी, लगानीमा रहेको रकम चल, अचल सम्पत्ति समेत स्वतहः गाउँपालिकको हुनेछ ।

४. साविकका गा.वि.सका सामुदायिक विकास कोषमा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धित गाउँपालिकाको जिम्मेवारी हुनेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै करा लेखिए पनि साविक जिल्ला विकास समिति र सामुदायिकविकास कोष बीच भएको हस्तान्तरण एवं थप पुँजी लगानी फिर्ताको बिषयमा जिल्ला समन्वय समिति र सियारी गाउँपालिकाको समन्वयमा उपयुक्त निति अवलम्वन गर्नेछ ।

**१४. खर्च गर्न सकिने सम्बन्धमा ।**

समितिको सिफारिसमा गाँउकार्यपालिकाको निर्णय अनुसार कोषको रकम अतिआवश्यक खर्च गर्नुपर्ने अवस्थामा खर्च गर्न सकिने अन्यथा कार्यविधिमा उल्लेख भए अनुसार नै खर्च गरिनेछ ।

**१५. बाधा अडकाउँ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धि व्यवस्था**

१. यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउँ परेमा गाउँपालिकाले निर्णय गरि फुकाउँन सक्नेछ ।

२. यस कार्यविधिलाई आवश्यक्ता अनुसार गाउँपालिकाले निर्णय गरि परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३. यस कार्यविधिमा उल्लेखित कुरालाई स्वीकृत गर्ने, अस्विकृत गर्ने, आशिंक स्वीकृत गर्ने र खारेज गर्ने सबै अधिकार गाउँपालिकामा निहित रहनेछ ।

४. यस कार्यविधिका अन्य दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागू भएपछि लगतै बसेको गाउँपालिकाको गाउँसभाले यो कार्यविधि स्वीकृत गरेपछि लगतै लागु हनेछ ।

**प्रमाणिकरण मिति : २०७५/१२/२१**

**आज्ञाले**
**मिनप्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**